# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२४ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

---

मालपोत कार्यालय, कास्कीमा कार्यरत मालपोत अधिकृत खेमनारायण पौडेल र खरिदार सञ्जय शर्माले जग्गा धितोबन्धक पास गर्ने सिलसिलामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिइ गएको टोलीले निज राष्ट्रसेवकहरुलाई रु.५०,०००।-(पचास हजार) घुस रकम लिएको अवस्थामा निजहरुकै कार्यालयभित्रबाट मिति २०७५।०६।२३ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता